**नेपाल सरकार**

# सार्वजनिक खरिद पुनरावलोकन समितिका

अध्यक्ष श्री शम्भु बहादुर कार्की
सदस्य श्री हेमराज गौतम

**बाट भएको निर्णय**

२०६७/६८ सालको निर्णय नं. ६

विवाद नं. ६ /०६७/६८

विवादः- **पुनरावलोकन गरी पाउँ ।**

शाह ब्रदर्श एण्ड जनरल अर्डर सप्लायर्स, जलेश्वर महोत्तरी को प्रो अमित कुमार शाह ------ ----------------------------------------------------------------------निवेदक

विरुद्ध

शसस्त्र प्रहरी वल दन्तकाली गण वरमझिया, सप्तरी --------------------------- विपक्षि

दन्तकाली गणका प्रमुखले गरेको निर्णयमा चित्त नवुझि पुनरावलोकन गरी पाउ भनी परेको निवेदन र सार्वजनिक निकायबाट पेश भएको कागजात, प्रतिकृयाको संक्षिप्त विवरण यस प्रकार छ ।

शसस्त्र प्रहरी वल दन्तकाली गण वरमझिया र सीमा सुरक्षा कार्यालयको लागि राशन आपुर्ति गर्न सूचना आह्वान भै माग भए वमोजिम सम्पूर्ण विवरण सहितका कागजात राखी वोलपत्र वुझाएकोमा वोलपत्र छनौट सम्बन्धमा कुनै जनकारी नदिएकाले २०६७।९।४ मा जानकारी माग्दा समेत नदिएको र प्रहरी प्रधान कार्यालय मार्फत माग्दा कर चुक्ता प्रमाण र विडवण्ड नभएको भन्ने सम्म जानकारी पाइयो । रु १२, ५०,०००।- को रा.वा.बैंक शाखा कार्यालय जलेश्वरबाट वनाइएको विडवण्ड, आ.व.२०६५।६६ को कर चुक्ता प्रमाण समेत राखि पेश भएका सम्पूर्ण कागजातका सूचि समेत उल्लेख गरी पेश गरेकोमा आपसी मिलोमतो गरी अधिक रकम वाला वोलपत्र स्वीकृत गरी निवेदक फर्मको वोलपत्रमा कारवाही नगरेको कारणबाट वोलपत्र खरिद गर्ने, राशनको नमूना संकलन गर्ने, विडवण्ड जारी गराउने लगायतको कार्यमा भएको खर्च तथा राशन आपूर्तिबाट हुने फाइदा समेतगरी रु ४५,००,०००।- वास्तविक हानी हुने भएकोले पर्न गएको क्षति ऐनको दफा ५०(५) (ग) वमोजिम दिलाई पाउँ भन्ने निवेदकको मुख्य दावी जिकीर ।

निवेदकको माग वमोजिम हुन नपर्ने कुनै कारण र प्रमाण भए सो समेत प्रष्ट खुलाई वोलपत्र सम्बन्धि कागजका प्रतीलिपि पठाउन भनि मिति २०६७।१०।२ मा भएको आदेश ।

उक्त आदेश वमोजिम लेखि गएकोमा श्री शाह व्रदर्स एण्ड जनरल अर्डर सप्लायर्सले वोलपत्र साथ पेश गर्नुपर्ने वोल अंकको २.५ प्रतिशतले हुने बैंकबाट जारी भएको जमानत पत्र

वा गणमानै नगद दाखिल गरेको रसिद र आर्थिक वर्ष ०६५।६६ को कर चुक्ता प्रमाणको प्रतिलिपी तथा आ.व.०६६।६७ को कर विवरण पेश गरेको कागजको प्रतिलिपी पेश भएका नपाइएको हुँदा मूल्याङ्कन समितिबाट मुल्याङ्कन हुँदा शाह व्रदर्शले पेश गरेको वोलपत्र सारभुत रुपमा प्रभापग्राही नभएको हुँदा मुल्याङ्कनको चरण बाट हटाइएको । निजले पेश गरेको राशन नमूनाको पोको खोली हेर्दा मसला, शुद्ध तोरिको तेल, दुध, कन्डेस मिल्क र दाउराको आइटम समेत नभएको हुँदा सो भन्दा दोश्रो वोल कवोल वालाको वोलपत्र सारभूत रुपमा प्रभावग्राही भई उक्त वोलपत्र स्वीकृती भएको भन्ने व्यहोरा सहित शाह व्रदर्शको वोलपत्र साथ पेश भएको कागजका प्रतिलिपी समेत विपक्ष सशस्त्र प्रहरी वल दन्तकाली गणबाट ०६७।१०।२२ को पत्र द्वारा प्राप्त भएको विवरण बाट देखिन्छ ।

## समितिको अध्ययन मुल्याङ्कन

निवेदनमा उल्लेख व्यहोरा सहितका कागजात र गणबाट प्रतिकृया सहितको प्राप्त कागजातहरुको अध्ययन गर्दा यी निवेदकबाट वोलपत्र साथ पेश गर्नु पर्ने सवै कागजातहरु पेश भएको नपाइएकै कारणबाट उक्त फर्मको वोलपत्र मुल्याङ्कन चरणबाट वाहिरिएको भन्ने राशन वन्दोवस्त मुल्याङ्कन समितिको मुल्याङ्कन सिफारिस प्रतिवेदन एवं गण प्रमुख बाट समिति मा पठाएको मिति २०६७।१०।२२ को लिखित जवाफबाट समेत देखिन्छ । नमूनाको पोका खोली हेर्दा नभएको आइटम भनिएका चिज वस्तुलाई वोलपत्र मुल्याङ्कनको आधार वनाइएको मुल्याङ्कन सिफारिस एवं गण प्रमुखको लिखित जवाफबाट पनि देखिदैन । तसर्थ प्रस्तुत विवादमा उठेको वोलपत्र राशन नमूनको कारणबाट नभै हुनपर्ने कागज नभएको कारण नै मुल्याङ्कनको चरणबाट वाहिरिएको भन्ने प्रष्ट हुन आयो ।

पेश भएको नपाईएका भनिएका कागजको सम्बन्धमा हेर्दा निवेदकले पेश गरेको कागजहरुको सूचि वोलपत्रको पछाडी पट्टि उल्लेख भएको देखिन्छ । उक्त सूचिको ४ नं. मा ०६५।६६ को कर चुक्ता प्रमाण, नं. ५ मा घोषणा पत्र र नं.७ मा रु १२,५०,०००।- विडवण्ड रहेको उल्लेख भएको पाइन्छ । सोही सूचिको तल वोलपत्र खोल्दा उपस्थित पदाधिकारी एवं प्रतिनिधिहरुबाट सहि भएको देखिन्छ । त्यस्तै खडा भएको मुचुल्कामा पनि उपस्थित पदाधिकारी एवं प्रतिनिधी हरुबाट सहि भएको देखिन्छ । वोलपत्र को पछाडी पट्टि उल्लेख सूचि हेरि सहि गर्दा सो सूचिमा उल्लेख मध्ये यो यो नं. का कागजहरु नभएको भन्ने जनाएको देखिदैन । मुचुल्का को टिप्पणी भन्ने महलमा जमानत कागज करचुक्ता कागज र घोषणापत्र नभएको भन्ने देखिन्छ ।

## समितिको निर्णय (ठहर)

यसमा माथिका अध्ययन एवं मुल्याङ्कन विवेचनाबाट भभएका भनिएका कर चुक्तामा घोषण पत्र र विडवण्ड जस्ता कागजहरु पेश नै नभएको हो वा के कसो भै नपाइएका छैन भन्ने तर्फ एकिन गरि निर्णयमा पुग्न पर्ने देखिन आयो ।

निवेदकले वोलपत्र साथ पेश भएका कागजहरुको पहिचान समेत प्रष्ट खुलाई वोलपत्रको पृष्ट पेजमा ११ थान कागजको सुचि उल्लेख गरेकोमा विवाद देखिएन । सोही सूचिको तल उपस्थित पदाधिकारीहरुको सहि भएको देखिन्छ । सो सूचिमा उल्लेख मध्ये यो यस नम्वरको कागजात नभएको भन्ने कतै जनिएको देखिएन । यसबाट वोलपत्र खोलि हेर्दाको अवस्था सम्म लेखिएका कागज नभएको भन्ने देखिएन । वोलपत्र हेरिसके पछि तयार भएको मुचुल्काको

टिप्पणीमा कर चुक्ता, विडवण्ड र घोषणा पत्र नभएको उल्लेख भएको देखिन्छ । वोलपत्रको पछाडी १४ जना र मुचुल्का टिप्पणीमा १२ जनाको सही भएको संख्या भिन्नताबाट दुवै कार्य

एकैसाथ नभई केही समय अन्तरालमा भएको पुष्टि हुन्छ । यहि समय अन्तराल पछि मुचुल्का तयार गर्दा मुचुल्का टिप्पणीमा नभएका भनि जनिएका कागजहरु ठिक ठाँउ मा रहन नगई missplace भएको देखिन्छ । यस स्थितिबाट वोलपत्र दाताले कागजहरु पेश नगरेको भन्न मिलेन । पेश भएको कागजहरु ठिक ठाँउमा रहन नसकी missplace भएको कारण ती कागज नपाइएको प्रष्ट हुन आउँछ । यो अवस्था सार्वजनिक निकायकै कार्य समयभित्रको भएकोले वोलपत्र दाताको गल्तीबाट कागज ठिक ठाँउमा नरहेको भन्न मिल्दैन । उक्त कागजात कै कारण निवेदकको वोलपत्र मुल्याङ्कित हुन नसकेको हुँदा निवेदकलाई क्षतिपुर्ति पाउँन अयोग्य मान्न मिल्दैन । निवेदकले क्षतिपुर्ति पाउँने देखिन आयो । के कति क्षति निवेदकलाई भएको हो भन्ने तर्फ हेर्दा निवेदकले हुने फाइदा समेत गरी रु ४५,००,०००।- क्षती दावी गरेकोमा एकिन खुलाई पेश गर्न समितिबाट आदेश भएपछि रु १७,३४,९२३।६३ को क्षति भनि दावी लिएको देखिन्छ । उल्लेख भएको क्षतिको विवरण हेर्दा पेश भएका नमूनाका चिजवस्तु फिर्ता नै पाउँन सक्ने भएकोले त्यसलाई क्षति मान्न मिल्दैन । वोलपत्र खरिद, विडवण्ड कमिसन र यातायात ( वसभाडा) वाहेक को अन्य कलमको दावि वास्तविक क्षति भएको भन्ने कतैबाट पुष्टि हुन सकेन । सो विवरणमा उल्लेख मध्ये यी निवेदकलाई वोलपत्र खरिद रु ५,०००।-, विडवोण्ड कमिसन ५,६२५।- र वोलपत्र लिन वुझाउन, वुझ्न जाँदा आउँदाको वसभाडा रु १२,००।- समेत जम्मा रु ११,८२५।- क्षति पुग्न गएको देखिएकोले उक्त क्षति रकम भुक्तानी गर्न सम्वन्धित सार्वजनिक निकायमा लेखि पठाइदिने निणर्य सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५०(५) (ग) वमोजिम गरिएको छ । अरु कुरामा तपशील वमोजिम गर्नु ।

## <u>तपशील</u>

१. निणर्यमा लेखिए वमोजिम भुक्तानी गर्न यो निणर्यको प्रति सहित सशस्त्र प्रहरी वल दन्तकाली गण, वरमझियामा लेखि पठाउनु -------------------------१

२. निर्णयको जानकारी निवेदकलाई दिई जमानत फिर्ता माग्न आए कानून वमोजिम फिर्ता दिनु -------१

३. निर्णयको एक प्रति सशस्त्र प्रहरी वल प्रधान कार्यालय लाई दिनु -----------------१

४. निर्णय सहितको कागजात अभिलेख गरी सुरक्षित साथ राख्नु------------------१

हेमराज गौतम
**सदस्य**

शम्भु वहादुर कार्की
**अध्यक्ष**

ईति सम्वत् २०६७ साल माघ २७ गते रोज ५ शुभम .....।